# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, जेठ ३ गते २०५६ साल (अतिरिक्ताङ्क १३

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

स्वास्थ्य मन्त्रालयको समेत कार्यभार सम्हाल्नु भएका माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बलबहादुर के.सी. क्यानाडाको क्युबेकमा आयोजना हुने विश्व पर्यावरण शिखर बैठकमा भाग लिने सिलसिलामा २०५६ साल जेठ ३ गते त्यसतर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र स्वास्थ्य मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय जलस्रोत मन्त्री श्री विजयकुमार गच्छदारले सम्हाल्नु हुनेछ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम बेल्जियमका लागि शाही नेपाली राजदूत श्री नारायण शम्शेर थापालाई नेदरल्याण्डस्‌का लागि पनि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

६४

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।